आज मिति २०८३।०३।०४ गते बिहीवारका दिन यस नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कारीराम यादव | | |
| २ | नगर उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताँहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राज कुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री राम नारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | | |
| २३ | सदस्य | श्री सकिला खातुन | | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

आमन्त्रित:

निर्णयहरू

१. १५ औ अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

आ.व. २०८३।०८४ का लागि सबैला नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुतिका लागि यस नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन २०८३।०३।१० गते श्री सरस्वती माविको सभाहलमा विहान ११:३० मा खुला सत्र गर्ने निर्णय गरियो ।

२. नगर शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा।

सबैला नगरपालिकाको दस वर्षे नगर शिक्षा योजना (२०८२-२०९२) स्वीकृत गर्ने निर्णय गरियो ।

३. नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान निकासा सम्बन्धमा।

चालु आ.व २०८२।०८३ मा सङ्घीय सशर्त अनुदान अन्तर्गत प्राप्त नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्य सम्पादनमा आधारित अनुदान रकम रु. २० लाख मध्येबाट श्री राम जानकी मा वि कुशमाहा सतोषरमा निजी स्रोतबाट तलब भत्ता व्यवस्थापन गर्ने गरी नियुक्त भएका शिक्षक कर्मचारीको चालु आ.व को तलबभत्ता तथा कक्षाकोठा फर्निचर व्यवस्थापनका लागि विद्यालयबाट खर्च लेखाङ्कन गर्न उक्त विद्यालयलाई कार्य सम्पादनका आधारमा अधिकतम रकम रु. २० लाख अनुदान उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. अवलोकन भ्रमण स्वीकृति सम्बन्धमा।

यस नगरपालिकाको चालु आ.व २०८२/०८३ मा शिक्षातर्फ विनियोजित कार्यक्रम **नमूना सामुदायिक विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण** शीर्षकमा विनियोजित रकमबाट यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको (पाँच) दिनको अवलोकन भ्रमणका लागि स्वीकृति दिने निर्णय गरियो।

५. राजस्व परामर्श समितिको मिति २०८३/२/१२ गतेको निर्णय नं. १ बाट सिफारिस भै आएको निर्णय अनुसार जिर्ण अवस्थामा रहेको पोखरीहरुलाई मौजुदा स्थितिमै ठेक्का लगाई निज ठेकेदारहरुबाटै पोखरी सरसफाई तथा पोखरी खनी डिल मर्मत गरे वापत थप एक बर्ष निशुल्क म्याद थप गरिदिने निर्णयलाई यस वैठकबाट अनुमोदन गरी ठेक्का प्रकृया अगाडि बढाउन निर्देश सहितको निर्णय गरियो ।

६. आ .व.२०८३/०८४ का लागी ११ नं. वडा कार्यालय सबैला न पा वाट संघिय शहरी विकास तथा भवन निर्माण र भौतिक पुर्वाधार मन्त्रालय संग मिति २०८२।१२।२४ मा दर्ता गरिएको योजना माग सूचिमा योजना प्रविस्ट गरिएका र थप तपसिलका योजनाहरु अगामी आ .व. मा कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | कार्यान्वयन गर्नु पर्ने योजनाहरु | अनुमानित रकम |
|---|---|---|
| १. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वा मटही सबैला पटेर्वा सडक खण्ड सतरोन्नति | ६ करोड |
| २. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वा देखि धनुषा सडक खण्ड स्तरोन्नति | ५ करोड |
| ३. | जिल्ला धनुषा सबैला न.पा. १० खरिहानी चौक देखि उत्तर जाने सडक खण्ड स्तरोन्नति | ६०लाख |
| ४. | जिल्ला धनुषा सबैला न.पा. रघुनाथपुर देखि प्रसाही किरतपुर सडक खण्ड स्तरोन्नति | ४ करोड |
| ५. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वा देखि नवटोली सतोषर कमला सडक खण्ड स्तरोन्नति | २ करोड |
| ६. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वा वडा कार्यालय भवन निर्माण | २ करोड |
| ७. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वा थप नाला निर्माण | २ करोड |
| ८. | जिल्ला धनुषा सबैला न.पा. ११ इनर्वामा गोपाल पोखरी नजिक अधुरो भवन निर्माण तथा थप भवन र पर्खाल निर्माण | २ करोड |
| ९. | जिल्ला धनुषा सबैला न.पा. ११ निम पोखरी नजिक समसान घाट मन्दिर निर्माण तथा सौन्दर्यकरण | २ करोड |
| १०. | जिल्ला धनुषा सबैला न.पा. ५ मखनाहा चौक ट्रान्सफर्मर देखि इनर्वा जाने सडक स्तरोन्नति | २ करोड |
| ११. | जिल्ला धनुषा सबैला न.पा. २ माछा बजार देखि पश्चिम लाल गाछि हुदै वडा नं. १ जाने सडक स्तरोन्नति | २ करोड |

७ बहुबर्षिय योजना सम्बन्धमा ।

आ. व. २०८।०८३ का लागि स्वीकृत कार्यक्रम योजनाहरुको कार्यका लागि बोलपत्र व्यवस्थापन गर्दा लागत अनुमान बढेको र अगामी आ. व. को पहिलो आठ महिना भित्रै सञ्चालन गर्ने आवश्यक भएकाले बोलपत्र प्रतिस्पर्धावाट बोलपत्र मूल्यांकन गरी सम्झौता रकम बृद्धि हुने भएमा नपुग रकम अगामी नगरसभावाट व्यवस्था गरी बहुबर्षिय योजनाका रुपमा बोलपत्र प्रकिया अगाडी बढाउने नगरप्रमुख स्तरिय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।